**13th of January 2026 (Tuesday)**

**यो आकाशवाणी हो**

**आज का मुख्य समाचारहरुबाट**

- **राष्ट्रपति मुर्मुले भारतीय नेत्रहीन क्रिकेट टोली कप्तानलाई दिनुभयो गणतन्त्र दिवस समारोहको निमन्त्रणा ।।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीले प्रशान्त तामाङको निधनमा शोक व्यक्त गर्नु भयेको छ ।।**
- **गृहमन्त्री अमित शाहले गान्धीनगरस्थित गुजरात बायोटेक्नोलोजी रिसर्च सेन्टरको बीएसएल–4 जैवसुरक्षा प्रयोगशाला गर्नुभयो उद्घाटन ।।**
- **विदेश मन्त्री डा. एस. जयशंकरले bricks शिखर सम्मेलन २०२६ का लागि लोगो, विषयवस्तु र वेबसाइट गर्नुभयो सार्वजनिक ।।**
- **विकसित भारत जी–राम–जी ऐनले प्रत्येक ग्रामीण परिवारलाई १२५ दिनको ज्यालायुक्त रोजगारीको ग्यारेन्टी दिएको केन्द्रीय मन्त्री जितेन्द्र सिंहको भनाइ।।**

**समाचार विस्तारमा**

**द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले यस वर्ष नयाँ दिल्लीमा आयोजना हुने गणतन्त्र दिवस समारोहमा सहभागी हुन भारतीय नेत्रहीन क्रिकेट टोलीकी कप्तान दीपिकालाई निमन्त्रणा दिनुभएको छ। आन्ध्र प्रदेशको श्री सत्य साई जिल्लाअन्तर्गत अमरापुरम मण्डलस्थित उनको जन्मगाउँ ताम्बलाहट्टीमा हुलाक अधिकारीहरू पुगेर दीपिकालाई उक्त निमन्त्रणा पत्र हस्तान्तरण गरेका थिए।

निमन्त्रणाप्रति प्रतिक्रिया जनाउँदै दीपिकाले आफूलाई अत्यन्त खुशी लागेको बताउँदै भारतकी राष्ट्रपतिबाट निमन्त्रणा पाउनु गर्वको क्षण भएको भनिन्। उनले व्यक्तिगत रूपमा गणतन्त्र दिवस समारोहमा सहभागी हुन पाउनु अविस्मरणीय अनुभव हुने र यसलाई ठूलो सम्मानको विषयका रूपमा लिएको बताइन्।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले चर्चित अभिनेता तथा गायक प्रशान्त तामाङको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। उहाँले तामाङकी पत्नी मार्था आले तामाङलाई पठाएको समवेदना पत्रमा प्रशान्त तामाङले आफ्नो मेहनत र प्रतिभाका कारण मनोरञ्जन जगतमा विशेष स्थान बनाएको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री मोदीले तामाङको जीवनकथा धेरै मानिसहरू, विशेषगरी युवाहरूलाई आफ्ना सपनाहरू पछ्याउन प्रेरणा दिने बताउनुभयो। उहाँले तामाङका परिवार र प्रशंसकहरूलाई यो ठूलो क्षति सहन शक्ति मिलोस् भन्ने कामना पनि गर्नुभयो। पश्चिम बंगालको दार्जिलिङ निवासी **tirchalis** (43) वर्षीय प्रशान्त तामाङको आइतबार दिल्लीस्थित आफ्नै घरमा हृदयाघातका कारण निधन भएको थियो।

**गृहमन्त्री अमित शाहले गान्धीनगरस्थित गुजरात बायोटेक्नोलोजी रिसर्च सेन्टरको बीएसएल–४ जैवसुरक्षा प्रयोगशाला गर्नुभयो उद्धाटन ।।**

केन्द्रीय मन्त्री अमित शाहले भारतको जैवप्रविधि क्षेत्रमा ठूलो प्रगति भएको बताउँदै 2014 मा 10 अर्ब डलर रहेको देशको जैव–अर्थतन्त्र 2024 सम्म 166 (**chyasat**) अर्ब डलरसम्म पुगेको जानकारी दिनुभयो। उहाँले गुजरातको गान्धीनगरस्थित गुजरात बायोटेक्नोलोजी रिसर्च सेन्टरमा बीएसएल–4 जैवसुरक्षा प्रयोगशाला उद्धाटन गर्नुभयो ।
गुजरात भ्रमणका क्रममा श्री शाहले गान्धीनगर जिल्लाको मानसामा सडक, खानेपानी, ढल व्यवस्थापन तथा नयाँ खेलकुद परिसरसम्बन्धी परियोजनासहित 260 करोड रुपैयाँ बराबरका विकास परियोजनाहरूको उद्धाटन तथा शिलान्यास पनि गर्नुभयो।

**विदेश मन्त्री डा. एस. जयशंकर**

विदेश मन्त्री डा. एस. जयशंकरले आज यस वर्ष नयाँ दिल्लीमा आयोजना हुने आगामी bricks शिखर सम्मेलनका लागि लोगो, विषयवस्तु र आधिकारिक वेबसाइट सार्वजनिक गर्नुभएको छ।

आज नयाँ दिल्लीमा पत्रकारहरुलाई सम्बोधन गर्दै डा. जयशंकरले शिखर सम्मेलनका क्रममा भारतले bricks देशहरूको क्षमतालाई विश्वव्यापी हितका लागि एकताबद्ध गर्न प्रयास गर्ने बताउनुभयो। उहाँले यस वर्ष ब्रिक्सले 20 वर्ष पूरा गर्न लागेको र यस अवधिमा यो उदीयमान बजार तथा विकासशील अर्थतन्त्रहरूबीच सहकार्यका लागि एक महत्वपूर्ण मञ्चका रूपमा निरन्तर विकसित हुँदै आएको उल्लेख गर्नुभयो।
मन्त्रीले वर्षौंको क्रममा ब्रिक्सले आफ्नो कार्यसूची र सदस्यता दुवै विस्तार गरेको पनि बताउनुभयो। उहाँले बदलिँदो विश्व यथार्थअनुसार ब्रिक्सले आफूलाई अनुकूल बनाउँदै आएको र जनकेन्द्रित विकासमा केन्द्रित रहँदै संवादलाई प्रोत्साहन गर्ने तथा व्यावहारिक सहकार्यलाई अघि बढाउँदै आएको कुरा पनि उल्लेख गर्नुभयो।

**राज्यमन्त्री डा. जितेन्द्र सिंह**

कार्मिक, सार्वजनिक गुनासो तथा पेन्सन राज्यमन्त्री डा. जितेन्द्र सिंहले आज विकसित भारत जी–राम–जी ऐनले प्रत्येक ग्रामीण परिवारलाई प्रत्येक आर्थिक वर्षमा 125 दिनको ज्यालायुक्त रोजगारीको ग्यारेन्टी प्रदान गरेको बताउनुभएको छ, जुन पहिले 100 दिन मात्र थियो।
आज नयाँ दिल्लीमा विकसित भारत जी–राम–जी सम्बन्धी पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मन्त्रीले यो योजनाअन्तर्गत खेतीपातीको मुख्य बिउ छर्ने र बाली काट्ने समयमा कृषि श्रमिकको उपलब्धता सुनिश्चित गर्न जम्मा 60 दिनसम्म 'काम नहुने अवधि' पनि व्यवस्था गरिएको जानकारी दिनुभयो।

उहाँले यो ऐन विभिन्न सार्वजनिक कामहरूको समन्वय भएको बताउँदै यसको मुख्य उद्देश्य जल सुरक्षा र ग्रामीण पूर्वाधार सुदृढ गर्नु रहेको उल्लेख गर्नुभयो। साथै, योजना डिजिटल बनाइएपछि झुटा वा नक्कली लाभार्थीहरूलाई नियन्त्रण गर्न मद्दत पुग्ने पनि उहाँले बताउनुभयो।

**सूचना प्रविधि मन्त्री अश्विनी वैष्णव**

सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आज white हाउसमा अमेरिकाका राष्ट्रपति सहायक माइकल क्रात्सियोससँग भेट गरी भारतमा आयोजना हुने आगामी AI impact समिटबारे छलफल गर्नुभएको छ।

मन्त्री वैष्णवले अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले आयोजना गरेको 'critical minerals ministerial बैठक'मा पनि सहभागिता जनाउनुभयो ।

यसैबीच, स्कट बेसेन्टले खनिज आपूर्ति शृंखलामा रहेका कमजोरीहरू समाधान गर्न दुवै देशको साझा चाहना रहेको उल्लेख गर्नुभएको छ।

**सिक्किमकी केजिया छेत्री शीर्ष 22 युवा नेतामध्ये चयन**

सिक्किम मणिपाल कलेज अफ फिजियोथेरापीकी विद्यार्थी केजिया छेत्री भारतभरिका शीर्ष 22 युवा नेतामध्ये चयन भई नयाँ दिल्लीमा राष्ट्रिय युवा दिवसका अवसरमा प्रधानमन्त्रीसमक्ष आफ्ना विचार प्रस्तुत गर्न सफल हुनुभयो। उहाँले "दिगो र हरित विकसित भारत" विषयमा आफ्ना धारणा राख्नुभयो।

उहाँले दिगो विकाससम्बन्धी युवा–केन्द्रित विचारहरू प्रस्तुत गर्दै प्रधानमन्त्री तथा युवा तथा खेलकुद मन्त्रालयलाई युवाहरूलाई राष्ट्रिय मञ्च प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो।

**सार्वजनिक स्थानमा आवारा कुकुरलाई खाना खुवाउने विषयमा सर्वोच्च अदालतको प्रश्न**

सर्वोच्च अदालतले आज सार्वजनिक स्थानमा आवारा कुकुरहरूलाई खाना खुवाउने व्यक्ति तथा संस्थाहरूमाथि प्रश्न उठाउँदै, यदि कुनै बालक वा व्यक्ति कुकुरको आक्रमणमा परेमा जिम्मेवारी कसको हुने भनेर सोधेको छ। अदालतले करुणा केवल जनावरहरूप्रति मात्र होइन, मानिसहरूप्रति पनि हुनुपर्ने उल्लेख गरेको छ।

न्यायाधीशहरूले पशु नियन्त्रणसम्बन्धी नियमहरूको कमजोर कार्यान्वयनप्रति चिन्ता व्यक्त गर्दै आफूहरूले सबै आवारा कुकुर हटाउन आदेश नदिएको स्पष्ट पारेका छन्। अदालतले गत वर्ष जुलाईदेखि यो विषयलाई स्वप्रेरित रूपमा सुनुवाइ गर्दै आएको छ।

**महिला प्रिमियर लिग आज: मुम्बई इन्डियन्स र गुजरात जायन्ट्सबीच खेल**

महिला प्रिमियर लिग क्रिकेटमा आज  नवी मुम्बईको डा. **D.Y** पाटिल खेल मैदानमा मुम्बई इन्डियन्स र गुजरात **Giants** बीच प्रतिस्पर्धा भइरहेको छ।

हिजो सोही मैदानमा भएको खेलमा रोयल च्यालेन्जर्स बेङ्गलुरुले यूपी वारियर्जलाई नौ विकेटले पराजित गरेको थियो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **राष्ट्रपति मुर्मुले भारतीय नेत्रहीन क्रिकेट टोली कप्तानलाई दिनुभयो गणतन्त्र दिवस समारोहको निमन्त्रणा ।।**
- **प्रधानमन्त्री मोदीले प्रशान्त तामाङको निधनमा शोक व्यक्त गर्नु भयेको छ ।।**
- **गृहमन्त्री अमित शाहले गान्धीनगरस्थित गुजरात बायोटेक्नोलोजी रिसर्च सेन्टरको बीएसएल–४ जैवसुरक्षा प्रयोगशाला गर्नुभयो उद्घाटन ।।**
- **विदेश मन्त्री डा. एस. जयशंकरले ब्रिक्स शिखर सम्मेलन २०२६ का लागि लोगो, विषयवस्तु र वेबसाइट गर्नुभयो सार्वजनिक ।।**
- **विकसित भारत जी–राम–जी ऐनले प्रत्येक ग्रामीण परिवारलाई** 125 **दिनको ज्यालायुक्त रोजगारीको ग्यारेन्टी दिएको केन्द्रीय मन्त्री जितेन्द्र सिंहको भनाइ।।**